# टी-२० विश्वकप छनोट खेल्ने नेपाली टोली घोषणा

काठमाडौं, ६ माघ- आइसिसी टी-२० विश्वकपअन्तर्गत विश्व छनोटका लागि नेपाली राष्ट्रिय टिम घोषणा गरिएको छ। प्रधानमन्त्री कप टी-२० राष्ट्रिय प्रतियोगिता सकिएको भोलिपल्ट नेपाल क्रिकेट संघ (क्यान) ले १६ सदस्यीय टिम घोषणा गरेको हो। टिममा प्रधानमन्त्री कपमा उत्कृष्ट खेलेका खेलाडीले स्थान पाएका छन्।

टिममा तीव्र गतिका बलर सोमपाल कामी समावेस छैनन्। उनले प्रधानमन्त्री कपमा प्रभावकारी खेल देखाउन सकेका थिएनन् । यस्तै टिममा विकेटकिपर विनोद भण्डारी पनि परेका छैनन्। नेपाली टीममा सन्दीप लामिछाने, कुशल भुर्तेल, आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, ज्ञानेन्द्र मल्ल, शरद भेषावकर, आरिफ शेख, करण केसी, जितेन्द्र मुखिया, अभिनास बोहरा, साहब अलाम, कुशल मल्ल, कमलसिंह ऐरी, विवेक यादव, प्रदीप ऐरी, लोकेश बम छन्। टिममा सोमपाल नपर्दा अर्का तीव्र गतिका बलर जितेन्द्र मुखियाले पुनरागमन गरेका छन्। प्रदीप ऐरी पनि टिममा पर्दा युवा ब्याट्सम्यान लोकेश बम र विवेक यादवले पहिलो पटक स्थान बनाएका छन्।

विश्व छनोटको समूह विभाजनमा नेपाल समूह 'ए' मा छ। समूहमा नेपालसहित आयरल्यान्ड, ओमान, बहराइन, क्यानडा, जर्मनी, फिलिपिन्स र युएई परेका छन्। विश्व छनोट आगामी १५ देखि २५ फेब्रुअरीमा ओमानमा हुनेछ। मस्कटको ओमान क्रिकेट एकेडेमी मैदानमा हुने छनोटबाट शीर्ष दुई टिम विश्वकपमा छनोट हुनेछन्।

१६ टिमबीच प्रतिस्पर्धा हुने टी-२० विश्वकपमा १२ टिम भने छनोट भइसकेका छन्। सन् २०२१ को टी-२० विश्वकपको सुपर १२ मा पुगेका अफगानिस्तान, बंगलादेश, इंग्ल्यान्ड, भारत, नामिबिया, न्युजिल्यान्ड, पाकिस्तान, स्कटल्यान्ड, दक्षिण अफ्रिका, श्रीलंका र वेस्ट इन्डिजले सन् २०२२ को टी-२० विश्वकपमा स्थान सुरक्षित गरेका थिए। अस्ट्रेलिया आयोजकको हैसियतमा यसअघि नै विश्वकपमा छनोट भइसकेको थियो।

सन् २०२२ मा अस्ट्रेलियामा हुने विश्वकपमा स्थान बनाउन लागि नेपालले विश्व छनोटमा उत्कृष्ट प्रदर्शन गर्नुपर्ने हुन्छ । ८ टिमको समूहमा उत्कृष्ट दुई भित्र पर्न सके मात्र नेपालले ८ वर्षपछि टी-२० विश्वकप खेल्नेछ।

# टेलिकमको नयाँ अफर



बुटवल, ६ माघ- नेपाल टेलिकमले ४ जि एलटीई नमस्ते वाईफाई मार्फत द्रुत डाटा तथा भ्वाइस सेवा उपलब्ध गराउने भएको छ। कम्पनीले आवश्यक डिभाईस सहित ग्राहकलाई सहज होस्न भनेर नेपाल टलिकम र साईवरनेटिक्स प्रा.लि.सँग सम्झौता गरेर सेवा प्रदान गरेको हो। टेलिकमले होम ब्रोडब्यान्ड वेसिक रु ८ सय र ६० जिवि ३० दिनका लागि र १ वर्षका लागि ९ हजारमा ७ सय २० जिवि प्याक उपलब्ध गराउने भएको छ।

# मूल्यवृद्धि फिर्ता लिन सात विद्यार्थी संगठनको माग

काठमाडौं, ६ माघ- विभिन्न सात विद्यार्थी संगठनहरूले पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता लिन सरकारसँग माग गरेको छ।

अनेरास्ववियुकी अध्यक्ष सुनिता बराल, अखिल पाँचौं अध्यक्ष पवित्रा आचार्य, वैज्ञानिक समाजवादी विद्यार्थी संगठनकी संयोजक राजेश्वरी सुवेदी, राष्ट्रिय विद्यार्थी संघका नेता रन्जित निस्पक्ष, राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठनका अध्यक्ष धनसुर शाही, अखिल क्रान्तिकारी अध्यक्ष सुन्दर रायमाझी र राष्ट्रवादी विद्यार्थी संगठनका अध्यक्ष अनुप लामिछानेले बिहीबार संयुक्त विज्ञप्ति जारी गरेर पेट्रोलियम पदार्थको मूल्य वृद्धि फिर्ता लिन माग गरेका हुन्।

# लोक सेवाका लिखित परीक्षा माघ मसान्तसम्म स्थगित

काठमाडौं, ६ माघ- कोरोना संक्रमण बढेपछि लोक सेवा आयोगले लिखित परीक्षाहरू माघ मसान्तसम्म स्थगित गरेको छ।

आयोगको बसेको बैठकले लिखित परीक्षाहरू माघ ११ देखि माघ मसान्तसम्मका लागि स्थगित गर्ने निर्णय गरेको सूचना अधिकारी देवी प्रसाद सुवेदीले जानकारी दिए। माघ ११ गतेदेखि उपसचिवको परीक्षा तय भएको थियो। संगठित संस्थाका परीक्षाहरू पनि यही बीचमा तय भएका थिए। ती परीक्षाहरू हाललाई स्थगित भएका छन्।

आयोगले जारी गरेको सूचनामा माघ मसान्तसम्म स्थगित गरिएका परीक्षा र फागुन १ गतेदेखि सन्चालन हुने लिखित परीक्षा कार्यक्रमसमेत कम्तिमा सात दिनको पूर्वसूचना दिई पुनः तालिकीकरण गरी यथाशीघ्र सन्चालन गर्ने उल्लेख छ।

देशभर कोरोना संक्रमणको दर बढेपछि र लोकसेवा आयोगका कर्मचारीहरूमै पनि संक्रमण पुष्टि भएपछि आयोग परीक्षा स्थगित गर्नुपर्ने दबावमा थियो। यसैबीच त्रिभुवन विश्वविद्यालयले पनि वार्षिक तथा सेमेस्टर प्रणालीका सबै परीक्षा स्थगित गरेको छ।

शुक्रबार र शनिबार हुने प्रवेश परीक्षा भने यथावत रहने त्रिभुवन विश्वविद्यालयले जनाएको छ।

# बागमतीमा विद्यालय नर्स संक्रमितको उपचारमा

हेटौंडा, ६ माघ- बागमती प्रदेश सरकारले विद्यालय नर्सिङ कार्यक्रमका लागि नियुक्त गरेको ३०० नर्सलाई कोरोना संक्रमितहरूको उपचारमा खटाउने भएको छ। कोरोना संक्रमण बढ्दा जनशक्तिको अभाव हुन थालेपछि नर्सहरूलाई परिचालन गर्न लागिएको स्वास्थ्य मन्त्रालयका प्रवक्ता वसन्त अधिकारीले जानकारी दिए।

मन्त्रालयले आवश्यकता अनुसार जिल्ला अस्पताल वा स्वास्थ्य केन्द्रमा परिचालनका लागि स्वास्थ्य कार्यालयलाई पत्र पठाइएको छ। उनले भने, 'विद्यालय नर्सिङ कार्यक्रममा प्रति स्थानिय तह ३ जना नर्स परिचालन गरिएको छ, अब उनीहरूलाई पनि कोभिड संक्रमण नियन्त्रणमा परिचालन गर्न परिपत्र भइसकेको छ।'


जनता इट्टा भट्टा उद्योग

"एक कलको भरमा सेवा तपाईको घरमा"

बलियो राम्रो र स्तरिय इट्टाको लागि सदैव सम्झनुहोस्।

सम्पर्क नं. ९८५७०२६८९०, ९८०२६२७७८६

मार्केटिङ्ग म्यानेजर सम्पर्क नं. ९८२५४७४६७८, ९८६९४७१३३९




शिवराज नगरपालिका-६ चन्द्रौटा धर्मनगर कपिलवस्तु

हार्दिक बधाई तथा शुभकामना



सञ्जयकुमार चौधरी
केन्द्रिय अध्यक्ष



दिवाकर घिमिर
वरिष्ठ उपाध्यक्ष



यमलाल लोहनी
उपमहासचिव



होमनाथ पाण्डे
केन्द्रीय सदस्य



गणपति पाण्डे
केन्द्रीय सदस्य

नेपाल पुस्तक तथा स्टेसनरी व्यवसायी महासंघको छैठौं केन्द्रिय अधिवेशनबाट हाम्रा शुभेच्छुक सञ्जयकुमार चौधरी (केन्द्रिय अध्यक्ष) पदमा, हाम्रा संचालक तथा शेयर सदस्यहरु दिवाकर घिमिर (वरिष्ठ उपाध्यक्ष) पदमा, यमलाल लोहनी उपमहासचिव पदमा, होमनाथ पाण्डे केन्द्रीय सदस्य पदमा र गणपति पाण्डे केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

कृष्णप्रसाद पाण्डे
तथा
सिर्जनशील प्रकाशन तथा मसलन्द सहकारी संस्था लि.
बुटवल, रुपन्देही

हार्दिक बधाई तथा शुभकामना



श्री नवराज कुँवर

कम्प्युटर एसोसिएन नेपाल महासंघ (क्यान महासंघ) का केन्द्रिय अध्यक्ष तथा क्यान लुम्बिनीका संस्थापक अध्यक्ष श्री नवराज कुँवर ज्यू सूचना प्रविधि को अर्न्तराष्ट्रिय संस्था (ASOCIO) को गरिमामय उपाध्यक्ष पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

रामुदेव गौतम
अध्यक्ष

CAN Federation

कम्प्यूटर एशोसिएसन नेपाल महासंघ रूपन्देही परिवार

ट्वाइलेट सफा गराउनु परेमा

बुटवल सेनेटरी प्रा. लि.

स्याप्टी टंकी रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

९७४५४०५९७३, ९८०७४०९८५२

गगन सेनेटरी: ९८६७०२१६१४, ९८१५४४७६४८

मनिषा सेनेटरी: ९८५११९७९६६

शर्वेस सेनेटरी: ९८४७०३९१४३, ९८५७०३४३८३

कृष्ण सेनेटरी: ९८१५४०७२३४, ९८६७२८५३४८

सिद्धबाबा सेनेटरी: ९८६४५७७२६२, ९८११९९६९३२

रियुस सेनेटरी: ९८११४२८७३०

रेसुङ्गा सेनेटरी: ९८५७०५७०७०

ट्वाइलेट सफा गराउनुहोस्

सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एक पटक सेवा गर्ने मौका दिनुहोस्।

पाल्पाली मगर सम सेनेटरी

बुटवल-१७, मोतीपुर, रुपन्देही

फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

ट्वाईलेट सफा गराउनुहोस्

सबैभन्दा बढी क्षमता भएको

- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ।
- ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
- यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ।

क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार



प्रो. रामशाह साहनी

बिशाल सेनेटरी

बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297

भ्रष्टाचार कानूनी, सामाजिक र नैतिक अपराध हो।

त्यसैले

- कसैले नाजायज फाईदा लिन दिन खोजेमा,
- अनुचित दवाव श्रृजना गरी गैरकानूनी लाभ लिने दिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिन दिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाईएमा, त्यस्तो कार्य भ्रष्टाचारजन्य कार्य हो।
- त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाकोबारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खवर गरौं।
- भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड


## माण्डवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर, प्यूठान
लुम्बीनी प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने बारे सूचना

प्रकाशित मिति :२०७८/१०/०७

माण्डवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, जस्पुर प्यूठानको मिति २०७८/०८/१७ गते बुटवल टुडे राष्ट्रिय दैनिकमा प्रकाशित "Construction of Markawang Hospital Building" ठेक्का नः 13-MRM/NCB-078/79 निर्माण कार्यका लागि रितपुर्बक पेश भएका बोलपत्रहरूको प्राबिधिक प्रस्ताब खोलि बोलपत्र मूल्यांकन समितिले योग्यताको सम्पूर्ण आधारहरूमा मूल्यांकन गर्दा सार्बजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम सारभूत रूपमा प्रभाबग्राही रहेका तपसिलका बोलपत्रदाताहरूको आर्थिक प्रस्ताब मिति २०७८/१०/१४ गते दिउसो १ बजे यस माण्डवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा खोलिने हुँदा सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपशिल:

| सि.न. | सारभूत रुपमा प्रभाबग्राही रहेका बोलपत्रदाता | ठेगाना |
|---|---|---|
| १ | Aanshu Nirman Sewa | Bijuwar pyuthan |
| २ | Banglamukhi Nirman & Suppliers Pvt. Ltd. | Kathmandu |
| ३ | Bright/Jaljala JV. | Liwang Rolpa |
| ४ | Dhulikhel/Balarupi JV. | Ghorai Dang |
| ५ | L. B. and A. B. Builders Pvt. Ltd. | dhangadi 5 kailali |
| ६ | P. P. Nirman Sewa Pvt.Ltd. | chaurideurali 5 kavre |
| ७ | Pushpa/Padma JV. | Khalnaga,pyuthan |
| ८ | Sharmila Nirman Sewa | Mehalmudi–2,Kalikot |
| ९ | om buddha/swargadwari mahaprabhu jv. | bhimeshowar 7Dolakha |

प्रमुख प्रशासकीय अधिकृत

बुटवल पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, प्रधान कार्यालय: बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, फोन: ०७१-५५४६४०, ५५४६४१, ५५४६४२, इमेल: newsbutwaltoday@gmail.com, addbutwaltoday@gmail.com, अध्यक्ष: हरि प्रसाद पौडेल, प्रबन्ध संचालक/प्रवन्ध सम्पादक : नवराज कुँवर, सम्पादक: कृष्ण मल्ल